# रिलायन्स फाइनान्स लिमिटेडको एघारौं बार्षिक साधारण सभा बस्ने सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/१२/२५)

शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०७७/१२/२४ गते बसेको संचालक समितिको २६९ औं बैठकको निर्णयानुसार यस रिलायन्स फाइनान्स लि. को एघारौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत् बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति समय स्थान: (Virtual माध्यमबाट संचालन गरिने)**

**मिति:** २०७८ साल बैशाख २२ गते बुधवार (तदनुसार May 5 2021, Wednesday)

**स्थान:** लैनचौर बैंक्वेट, लैनचौर काठमाण्डौ ।

**समय:** दिनको ११ बजे ।

(क) सामान्य प्रस्तावहरु:

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने एघारौ बार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०७६/७७ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७७/७८ को लेखापरीक्षण गर्नका लागि लेखापरिक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे । (वर्तमान लेखापरिक्षक एफ. सि.ए. महेश्वरेन्द्र बहादुर श्रेष्ठ पुन: नियुक्त हुन योग्य हुनु हुन्छ)

४. संस्थाको संचालक समितिबाट सिफारिश भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७६/०७७ मा भएको मुनाफाबाट संस्थाको चुक्ता पूँजी रु. ८३,२४,१६,०६३/- को १० प्रतिशत बोनश शेयर वितरण गरिने हुँदां सो बापत कर प्रयोजनार्थ नगद लाभांश ०.५३ प्रतिशतले हुने रकम रु. ४३,८१,१३७/- वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. विविध ।

(ख) विशेष प्रस्तावहरु

१. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७६/०७७ मा भएको मुनाफाबाट संस्थाको चुक्ता पूँजी रु.८३,२४,१६,०६३/- को १० प्रतिशतका दरले हुने रु.८,३२,४१,६०६/- बराबरको बोनश शेयर जारी गर्ने र सो बापत कर प्रयोजनार्थ ०.५३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने तथा बोनश शेयर वितरण गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताब स्विकृत गर्ने ।

२. संस्थाको एघारौं बार्षिक साधारण सभाको निर्णय बमोजिम जारि गरेको १० प्रतिशत बोनश शेयर प्रदान गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी रु.९१,५६,५७,६६९/- (अक्षरेपी एकानब्बे करोड छपन्न लाख सत्ताउन्न हजार छ सय उनान्सत्तरी) कायम गरि प्रबन्धपत्र संशोधन गरि संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र तद्अनुरुप हुने गरि संस्थाको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन, परिमार्जन र थप गर्ने ।

३. यस रिलायन्स फाइनान्स लि. तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. प्रबन्धपत्र नियमावली संशोधनमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID19) को कारणले नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी साधारण सभा संचालन गर्नु पर्ने विशेष परिस्थितिका कारण अनलाईन (भर्चुअल) माध्यमबाट सभामा भाग लिने व्यबस्था मिलाईएको छ । त्यसरी उपस्थित भएमा सभास्थलमा उपस्थित भए सरह मान्यता दिने व्यबस्था अनुरुप कोरोना भाईरस (COVID19) बाट बच्न र बचाउन अनलाईन (भर्चुअल) माध्यमबाट उपस्थित भईदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध छ । सभा शुरु हुन भन्दा १ घण्टा अगावै भर्चुअल सभा खुल्ला गरिनेछ ।

२. Meeting ID र Password को लागि यस संस्थाको ईमेल agm@reliancenepal.com.np वा मोबाईल नं. ९८४१२८५२९४ मा SMS वा Viber मार्फत् समयमै सम्पर्क गरि प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउँदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीहरुको पहिचान verification गरी ID र Password समयमै पठाउन प्राविधिक कठिनाई आउन सक्ने हुँदा कम्तिमा २ दिन अगावै ID र Password लिन समेत अनुरोध छ ।

३. बार्षिक साधारण सभा प्रयोजनार्थ २०७८/०१/१० गते एक दिन यस संस्थाको शेयरधनी दर्ता किताब बन्द रहने जानकारी गराउँदछौं । साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७८/०१/०९ सम्म कारोबार भई यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन् ।

४. साधारण सभाको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन प्राप्त नभएमा शेयरधनीको निस्सा प्रस्तुत गरी कम्पनीको कार्यालयबाट वा संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि. कमलपोखरीबाट सो विवरण सहितको सूचना प्राप्त गर्नसक्नु हुनेछ ।

५. सम्पूर्ण शेयरधनी महानुभावहरुले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै संस्थाको प्रदर्शनीमार्ग स्थित संस्थाको प्रधान कार्यालयमा भौतिक वा ईमेल मार्फत् दर्ता गराई सक्नु पर्नेछ । प्रतिनीधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आबश्यक छ ।

७. आफ्नो मतन्य राख्न चाहनु हुने शेयरधनीहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै विहान १० देखि दिनको ४ बजे भित्र agm@reliancenepal.com.np मा ईमेल गरि वा मोबाईल नं. ९८४१२८५२९४ मा SMS वा viber मार्फत् समयमै सम्पर्क गरी आफ्नो नाम र ईमेल ठेगाना टिपाउनहुन अनुरोध छ । त्यसरी सम्पर्क गर्नुहुने शेयरधनी महानुभावहरुलाई सभामा मतव्य राख्न ID र Password उपलब्ध गराईने छ ।

८. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रोक्सी एक ब्यक्तिलाई मात्र तोक्न सक्ने छ । एक प्रतिनिधि फाराममा एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि प्रोक्सी नियुक्ति गरिएमा त्यस्तो नियुक्ति बदर हुने छ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) फाराम मार्फत एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता प्रदान गरिने छ । प्रतिनिधि नियुक्त गरी सकेपछि शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेको अवस्थामा निजले गरिदिएको प्रोक्सी स्वत: बदर हुनेछ ।

९. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संस्थाको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले मात्र सभामा भाग लिन मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।

१०. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा कम्तीमा ७ दिन अगावै कम्पनीको प्रधान कार्यालयमा लिखित जानकारी दिनुपर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

११. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा सञ्चालक समिति तथा सञ्चालक समितिबाट आदेश पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।

१२. अन्य जानकारीको लागि रिलायन्स फाइनान्स लिमिटेडको कार्यालय प्रदर्शनी मार्ग काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।

**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**

**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu. Tel: +977-1-4223117, 4261104, 4261041, 4261167, Fax: +977-1-4220698
Email: info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा